जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक २४० २०७८ साल बैशाख १४ गते मंगलबार (27 Apr. 2021 Tuesday) मूल्य रु. ५/-

*Log on : rajbirajdainik.com.np*

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- मौखिक वा विद्युतिय माध्यमबाट कसूरको सूचना दिन सकिने,
- पक्राउ गर्नु अघि मुद्दा हेर्ने अधिकारीबाट पक्राउ पूर्जी जारि गर्नु पर्ने,
- सरकार वादी हुने फौजदारी कसूर सम्बन्धमा मुद्दा नचलाउने निर्णय गरिएमा जाहेरवाला वा पीडितलाई सूचना दिनु पर्ने,
- अभियुक्तले कसूर स्वीकार नगरेको अवस्थामा मुद्दामा ठहर गर्नु कुरा यकिन गर्न अदालतले वादी प्रतिवादीबीच छलफल गगराउन सक्ने,
- अदालतको अधिकारक्षेत्र र हदम्याद सम्बन्धी विषयमा पहिले निर्णय गर्नु पर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : गुर्जो उपयोगी, आयुर्वेदिक ३ पृष्ठमा : कोरोनाबाट भारतमा २० सहित... ३ पृष्ठमा : अफगानिस्तानबाट अमेरिकी ...

## सरकारी निर्णयको अवज्ञा गर्ने विद्यालय संचालकसहित पक्राउ परेका ११ जना रिहा



**दैनिक समाचारदाता**
**राजविराज, १३ बैशाख ।**

विद्यालयहरु बन्द गर्ने सरकारी निर्णयको अवज्ञा गरेर विद्यालय संचालन गरेको भन्दै सप्तरीका निजि विद्यालयका संचालकसहित पक्राउ परेका ११ जनालाई सोमबार प्रहरीले रिहा गरेको छ ।

ङ्कोरोनाको बढ्दो जोखिमलाई ध्यानमा राख्दै सरकारले सोमबारदेखी विद्यालय बन्द गर्ने निर्णयको वेवास्था गर्दै विद्यालय संचालनमा ल्याउने सप्तरीका ११ वटा निजि विद्यालयका संचालक र शिक्षकलाई प्रहरीले सोमबार बिहान पक्राउ गरेको थियो ।

सोमबार बिहान प्रमुख जिल्ला अधिकारी फणिन्द्रमणि पोखरेल, राजविराज नगरपालिकाका प्रमुख शम्भुप्रसाद यादव, प्रहरी उपरिक्षक राजेन्द्र धमलासहितको अनुगमन टोलीले सरकारी निर्णयको अवज्ञा गर्ने विभिन्न विद्यालयका ११ जना संचालक र शिक्षकलाई नियन्त्रणमा लिएको थियो ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधवप्रसाद काफ्लेका अनुसार नियन्त्रणमा लिइएकाहरुमा राजविराजका लक्ष्मी इङलिस बोर्डिङ स्कुलका संचालक राजेश कुमार यादव, बैधनाथ कुमार झा, बुलन्द साह, ह्याप्पिल्याड मावि बोर्डिङ स्कुलका संचालक शैलन्द्र कुमार ठाकुर, जानकी सेकेन्ड्रि स्कुलका प्रिन्सिपल हरिकिसुन राय, लिटिल एन्जेल्सका प्रिन्सिपल नरेन्द्र प्रसाद देव तथा पिसजोन इङलिस बोर्डिङ स्कुलका संचालक उमाकान्त साह छन् ।

यस्तै सृजना बोर्डिङ स्कुलकी शिक्षिका रिमा झा, लिटिल फ्लावर बोर्डिङ स्कुलका संचालक डा. कमानन्द देव, ग्रिन इङलिस बोर्डिङ स्कुलका शिक्षक मनोज यादव तथा विष्णुपुर गाउँपालिकास्थित शिब्स बोर्डिङ स्कुलका संचालक नरेश प्रताप साहलाई पनि नियन्त्रणमा लिइएको डिएसपी काफ्लेले जानकारी दिए । यता पक्राउ परेका उनीहरुलाई सोमबार साँझ रिहा गरिएको प्रहरीले जनाएको छ ।

कोरोना सङ्क्रमणको दोस्रो लहर चलेपछि सरकारले गत सोमबार मन्त्रिपरिषद् बैठक बसेर राजविराजसहितका स्थानमा रहेका विद्यालय, कलेज, टयुशन सेन्टर र तालीम केन्द्रमा यही वैशाख मसान्तसम्म भौतिक उपस्थिति बन्द गर्ने निर्णय गरेको थियो । आइतबार मात्रै सरकारले सोमबारदेखि सबै प्रकारको परीक्षासमेत स्थगन गर्ने निर्णय गरेको थियो ।

## अक्सिजन प्रयोग गरिने उद्योग बन्द गर्न स्वास्थ्य मन्त्रालयको आग्रह

काठमाडौँ, १३ वैशाख (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले अक्सिजन प्रयोग गरिने उद्योगधन्दा केही समयका लागि बन्द गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई आग्रह गरेको छ । स्वास्थ्य मन्त्रालयले उद्योग मन्त्रालयलाई पत्र लेख्दै कोभिड-१९ का सङ्क्रमितको उपचारमा अक्सिजन अभाव हुन नदिनका लागि उद्योगधन्दा केही समय बन्द गर्न आग्रह गरेको हो ।

मन्त्रालयका वरिष्ठ सहायक प्रशासक डा समीरकुमार अधिकारीले भारतमा सङ्क्रमणको अवस्था खराब भई अक्सिजन नपाएर सङ्क्रमितको मृत्यु भइरहेकाले नेपालमा पनि त्यस्तो अवस्था नआओस् भन्नाका लागि त्यस्ता उद्योगधन्दा केही समय बन्द गर्न मन्त्रालयलाई सोमबार पत्राचार गरिएको जानकारी दिनुभयो ।

पत्रमा "अक्सिजनसहित अक्सिजन सिलिण्डरको कालोबजारी, विदेश पैठारी भई स्वदेशमा अप्ठयारो हुने अवस्थाको सिर्जना हुन नदिन, नेपाली बजारमा प्रशस्त अक्सिजन र अक्सिजन सिलिण्डरको व्यवस्था गरिदिनुहुन तथा अस्पतालमा उपचारका लागि प्रयोग हुने अक्सिजन उद्योगधन्दामा केही समयका लागि प्रयोग बन्द गर्न वा बन्द गर्न नसकिने अवस्थामा निकै कम खपत गर्न" उल्लेख गरिएको छ ।

आइतबार एकै दिन २८ सङ्क्रमितको निधन हुनाका साथै तीन हजार १२२ नयाँ बिरामी भेटिएका थिए । नेपालमा अहिलेसम्म तीन लाख ११९ सङ्क्रमित, दुई लाख ७७ हजार ५७३ निको र तीन हजार १६४ को निधन भइसकेको छ ।




## पत्रकार मेहताको निधनले महासंघ स्तब्ध



**दैनिक समाचारदाता**
**राजविराज, १३ बैशाख ।**

राजविराज नगरपालिका वडा नं. ९ मलेठ निवासी ६७ वर्षिय पत्रकार उपेन्द्रनारायण मेहताको सोमबार असमायिक निधन भएको छ ।

सप्तरी कार्यक्षेत्र बनाई विगत लामो समयदेखी पत्रकारिता पेशमा रहेका मेहताको निधनले नेपाल पत्रकार महासंघ सप्तरी शाखा स्तब्ध भएको छ ।

महासंघका सचिव आरएन विश्वासद्वारा सोमबार जारि विज्ञप्तिमा पत्रकार महेताको निधनले सप्तरीको पत्रकारिता क्षेत्रमा अपूर्णिय क्षति पुगेको जनाइएको छ ।

उनी सन्डे टाईम्स हिन्दी पत्रिका, द पब्लिक मेमो साप्ताहिक र पूर्व प्रभात दैनिकमा कार्यरत थिए । मृतक पत्रकार मेहताका श्रीमतीसहित १ छोरा र २ छोरी छन् ।

साथै विज्ञप्तिमा दु:खद् घडीमा शोक सन्तप्त परिवारजनप्रति इश्वरले धैर्यधारणको क्षमता प्रदान गरुन् भनि कामना गरिएको छ । उनी सिरहा जिल्लाको पत्रकारिता क्षेत्र समेत आवद्ध रहेका थिए ।

**सूचना**

**नोभल कोरोना भाईरस (कोभिड-१९) रोगको संक्रमणबाट बच्न अत्यावश्यक कामबाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरूलाई सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# सार्वजनिक कार्यक्रम नगर्न तथा सहभागी नहुन सरकारको आग्रह

काठमाडौँ, १३ वैशाख (रासस) ।

सरकारले सार्वजनिक समारोह र सार्वजनिकस्थलमा कार्यक्रम नगर्न तथा नगराउन तथा सहभागी नहुन आग्रह गरेको छ । सबै व्यक्तिलाई सामाजिक उत्तरदायित्व निर्वाह गरी संवेदनशील बनिदिनुहुन तथा सार्वजनिकस्थलमा कुनै गतिविधि भए खबरदारीसहित कारबाहीको दायरामा ल्याउन आग्रह गरिएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आइतबार एक सूचनामार्फत व्यक्ति व्यक्तिबाट गर्न सक्ने भूमिकाबाट कसैलाई पनि विचलित हुन नदिन र खबरदारी गर्न अनुरोध गरेको छ । मन्त्रालयले आमसञ्चारमा समाचार पढ्दा, अन्तर्वार्ता लिँदा वा कुनै पनि कार्यक्रमका समाचार बनाउँदा मास्कको अनिवार्य प्रयोग गर्न, मास्कको प्रयोग नगर्ने व्यक्तिका समाचार वा सूचनालाई निरुत्साहित गर्न मन्त्रालयले आग्रह गरेको छ ।

मन्त्रालयले विश्वव्यापी महामारीको रुपमा रहेको कोभिड-१९ ले हाल छिमेकी देशमा स्वास्थ्य सेवा प्रवाह प्रणाली तहसनहस पारी नियमित स्वास्थ्य सेवा उपलब्ध गराउन र सङ्क्रमितलाई अस्पतालमा राखेर हेरचाह गर्न नसकिएको सन्दर्भ पेश गर्दै सबैलाई भौतिक दूरी कायम गर्न र हातको सरसफाइमा ध्यान दिन भनेको छ ।

पछिल्लो सङ्क्रमण सबै वर्ग र उमेर समूहका लागि अत्यन्तै जोखिमपूर्ण रहेको र हालसम्म कोभिडको उपचार गर्न सक्ने कुनै पनि औषधि वा उपाय चिकित्सा विज्ञानले विकास गर्न नसकेको अवस्थामा आफूले अरु सबैलाई सङ्क्रमणको आशङ्का राखेर मास्क लगाउने, भौतिक दूरी कायम राख्ने एवं हातको सफाइमा ध्यान दिन जरुरी रहेको उल्लेख गरेको छ ।

मन्त्रालयले सूचनामा भनेको छ, “आज जुन दुःखद दृश्य स्वास्थ्यकर्मीले दैनिक रुपमा देखिरहेका छन्, त्यो कसैको पनि परिवार आफन्तमा नघटोस् भन्नका लागि हामी बसैले सङ्क्रमणको फैलावटलाई रोक्ने गरी जिम्मेवार बन्न र बनाउन अत्यावश्यक छ ।

# गुर्जो उपयोगी, आयुर्वेदिक औषधिको माग बढ्दो

काठमाडौँ, १३ वैशाख (रासस) ।

नयाँ भेरियन्टसहितको कोरोनाको सङ्क्रमण फैलिएका बेला रोगबाट बच्न आयुर्वेदिक गुण युक्त वनस्पति गुर्जोका परिकार सेवन गर्नेको सङ्ख्या बढ्न थालेको छ ।

कोरोना पोजेटिभ भएकाले पनि गुर्जोका परिकार सेवन गर्न थालेपछि रिपोर्ट नेगेटिभ आएको अनुभव सुनाएका छन् । ललितपुर महानगरपालिका-८ बालकुमारीका जनकमान जोशीलाई चार महिनाअघि कोरोना पोजेटिभ देखियो । युट्युव, पत्रपत्रिकालगायत सामाजिक सञ्जालमा समेत गुर्जोको चर्चा सुनेपछि धुलो र चिया नियमित सेवन गरेको १४ दिनपछि ठीक भएको उहाँले जानकारी दिनुभयो ।

आन्तरिक राजश्व कार्यालय धुलिखेलका कार्यालय प्रमुख कमलबहादुर राजलवटलाई सम्पर्क गरेर उहाँले गुर्जोको धुलो र चिया माग गर्नुभएको थियो । रोग प्रतिरोधी क्षमता बढाउने वनस्पतिका रुपमा परिचित गुर्जोका परिकारले कोरोनाका साथै अन्य स्वास्थ्य समस्या समाधानका लागि सहयोग गरेको जोशीको भोगाइ छ ।

सिराहा लाहानका बेचुलाल श्रेष्ठको परिवारमा छोरा, बुहारी र नातिलाई कोरोना पोजेटिभ देखियो । परिवारका तीन जनामा कोरोना देखिएपछि डराउनुभएका श्रेष्ठले गुर्जोले कोरोनाबाट बचाउन सहयोग गर्छ भन्ने सुन्नुभएको थियो । उहाँले पनि राजलवटसँग सम्पर्क गरेर गुर्जोका परिकार लिनुभयो । कोरोना हुने र नहुने परिवारका सदस्यले नियमित सेवन गरेपछि ठीक भएको उहाँले सुनाउनुभयो ।

परिवारमा सङ्क्रमण भेटिएपछि सबै जना एकान्तवासमा बसेर नियमित गुर्जोका परिकार सेवन गरेर स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाएको श्रेष्ठले बताउनुभयो । काठमाडौँ निर्वाचन क्षेत्र नं. १ (क) बाट निर्वाचित वाग्मती प्रदेशसभा सदस्य दीपेन्द्र श्रेष्ठले भने गुर्जोसँगै तातो पानी पिउने, वाफ लिने र पौष्टिक आहार सेवन गर्न थालेपछि कोरोना भगाउन सफल भएको बताउनुभयो । कोरोनाले स्वास्थ्यमा अप्ठ्यारो भने पारेको उहाँको अनुभव छ ।

कोरोना बढेपछि मदनकृष्ण श्रेष्ठको परिवारका पाँचै जना सदस्यलाई कोरोना पोजेटिभ देखियो । यो खबर सुनेपछि गुर्जो चिया र गुर्जो सहितको धुलो औषधी ललितपुरको सुनाकोठीस्थित घरमै पुगेर दिइएको अभियानकर्मी राजलवटले सुनाउनुभयो । कलाकार श्रेष्ठलाई अक्सिजन बढाउन तथा फोक्सोलाई बलियो बनाउन सहयोग हुने प्राणायम पनि गराइएको योग शिक्षकसमेत रहनुभएका उहाँले बताउनुभयो । श्रेष्ठसँगै उहाँको सबै परिवारलाई गुर्जोको ओषधीसँगै प्राणायामको विशेष प्रकार पनि सिकाइएको थियो ।

राजलवटले विसं २०७६ चैतमा नेपालमा कोरोना सङ्क्रमित देखिएदेखि नै गुर्जोका बिरुवा, धुलो, औषधि र चिया निःशुल्क वितरण गर्दै आउनुभएको छ । यसअघि राजश्व कार्यालय लाहानको प्रमुख रहनुभएका राजलवटले त्यहाँको सरकारी निवास परिसरमा गुर्जोका बिरुवा उत्पादन गरी देशव्यापी रुपमा वितरण शुरु गर्नुभएको हो ।

हालसम्म एक लाख ६० हजारभन्दा बढी गुर्जोका बिरुवा वितरण गरिएको उहाँले सुनाउनुभयो । त्यति नै सङ्ख्यामा गुर्जोबाट बनेको चिया र धुलो पनि निःशुल्क वितरण गरिएको छ । सार्वजनिक स्थलमा हुने कार्यक्रममा निःशुल्क गुर्जोको चियासमेत करिब दुई लाख मानिसलाई खुवाइएको राजलवट बताउनुहुन्छ । गुर्जोका परिकारले कब्जियत हटाउने, तरोताजा एवं स्फूर्तिसमेत बढाउने सेवनकर्ताको अनुभव छ ।

यस्तै महत्वको औषधि भएकाले एक घरमा अनिवार्य रुपमा एउटा गुर्जोको बिरुवा रोपे धेरै रोगका लागि औषधिको काम गर्ने, नियमित सेवनले मानव शरीरमा रोग प्रतिरोधी क्षमता बढ्ने आयुर्वेद चिकित्सक डा शेषराज आचार्य बताउनुहुन्छ ।

आयुर्वेद शास्त्रको ‘यस्य देशस्य यो जन्तो : तस्य तद् औषधं हितम्’ अर्थात् जुन स्थानमा मानिस जन्मन्छ, उसलाई औषधिको काम गर्ने वनस्पति त्यहीँ हुन्छ भन्ने सिद्धान्तका आधारमा गुर्जोजस्ता ओषधीय गुणले युक्त वनस्पतिको संरक्षण गरिनुपर्ने उहाँले बताउनुयो । हिमालयका काखमा रहेको नेपाली वनपाखामा धेरै किसिमका औषधीय गुणले युक्त जडिबुटी एवं वनस्पति भएपनि तिनको सदुपयोग हुन सकेको छैन । कतिपय जडिबुटी, वनस्पति चोरी निकासी भई त्यसमा रासायनिक पदार्थ मिलाएर बनाइएको आधुनिक औषधी नेपालमा भित्रने गरेको अभियानकर्मीको गुनासो छ ।

आयुर्वेद अस्पताल र औषधालयलाई प्रवर्द्धन गर्न खोज अनुसन्धानमा जोड दिनुपर्ने चिकित्सक आचार्यको भनाई छ । आयुर्वेद औषधी उत्पादन गर्ने सिंहदरबार वैद्यखाना विकास समितिसमेत निरन्तर ओरालो लागकाले सरोकार भएका निकायको ध्यान जानुपर्ने अभियानकर्मीको भनाई छ ।

राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालीम केन्द्र हाल ६५ जना कोरोना सङ्क्रमित राखी आयुर्वेद औषधी दिइएको छ । यसअघि पनि सयौँ कोरोनाका बिरामी केन्द्रमा राखेर आयुर्वेद औषधी नै दिएर उपचार गरेर पठाइएको थियो । अस्पताल, तालीम र अनुसन्धान केन्द्र भएकाले दिइएका औषधीका विषयमा अनुसन्धानसमेत भइरहेको केन्द्रका कार्यकारी निर्देशक डा रामआधार यादवले सुनाउनुभयो ।

केन्द्रमा आउने कोरोना बिरामीलाई गुर्जो, सुठो, मरिच, पिप्ला, अभ्रकभष्मलगायत आयुर्वेदिक वनस्पतिको ट्याबलेट बनाएर नियमित खुवाउने गरिएको छ । केहीलाई भने अक्सिजन दिनुपर्छ । हालसम्म केन्द्रमा भर्ना भएका कोरोनाका बिरामीको निधन नभएको कार्यकारी निर्देशक डा यादवले जानकारी दिनुभयो ।

रोग प्रतिरोधी क्षमता बढाउने आयुर्वेदिक औषधिको माग बजारमा बढ्न थालेको छ । सिंहदरबार वैद्यखाना विकास समितिका निमित्त कार्यकारी निर्देशक डा सबरी साह गुर्जो चिया, तुलसी चिया, सिलाजित, च्यवनप्राश, अश्वगन्ध तेल, र अविपत्तिकर चूर्णलगायतको माग बढिरहेको बताउनुहुन्छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

# सभापति देउवाद्वारा कोरानाको संक्रमण रोक्ने हर सम्भव उपाय गर्न माग

काठमाडौँ, १३ वैशाख (रासस) ।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले मुलुक दोस्रो चरणको कोभिड-१९ संक्रमणको चपेटामा परेको वर्तमान परिस्थितिलाई थप जटिल हुन नदिन तत्काल नियन्त्रणका हर सम्भव उपाय गर्न सरकारसँग माग गर्नुभएको छ ।

साथै उहाँले संक्रमितहको उपचारका लागि आवश्यक स्वास्थ्य संरचना, स्वास्थ्य सामग्रीहरुको उपलब्धता र स्वास्थ्यकर्मीको मनोबल उच्च राख्न आवश्यक व्यवस्था मिलाउनेतर्फ सरकारलाई गम्भीर हुन पनि माग गर्नुभएको छ ।

मुलुकमा पछिल्ला समय कोभिड-१९ संक्रमण दर तीव्र गतिमा बढेको र सङ्क्मणबाट गम्भीर बिरामी भएर आइसियु र भेन्टिलेटरको आवश्यकता पर्नेको संख्या पनि बढ्दो छ । अहिले युवाहरुमा पनि संक्रमण उल्लेख्य रुपमा बढेको र संक्रमतको उपचार पूरा गर्न मुलुकको स्वास्थ्य संरचनाले धान्नै नसक्ने स्थिति बनेको उहाँले उल्लेख गर्नुभएको छ ।

सभापति देउवाले सोमबार एक विज्ञप्तिमार्फत आम नागरिकहरुलाई कोभिड-१९ को संक्रमणवाट सुरक्षित राख्न कोरोनाविरुद्धको खोप सबैभन्दा भरपर्दो उपाय भएको उल्लेख गर्दै त्यसतर्फ सरकारले समयमा गम्भीर नहुनाले खोपको समुचित व्यवस्था हुन नसकेको बताउनुभएको छ ।

मित्रराष्ट्र भारतबाट शुरुमै १० लाख निःशुल्क खोप प्राप्त भएका कारण ठूलो राहत महसुस भएको थियो । पछि चीनबाट पनि आठ लाख खोप निःशुल्क प्राप्त भई वितरण भइरहेको बताउँदै उहाँले उक्त सहयोगका लागि दुवै मित्रराष्ट्रलाई धन्यवादसमेत दिनुभएको छ । सभापति देउवाले देशको सम्पूर्ण आवश्यकता पूर्ति गर्न अझ ठूलो सङ्ख्यामा खोपको आवश्यकता रहेकाले चाँडोभन्दा चाँडो आवश्यक खोपको व्यवस्था मिलाउनेतर्फ ठोस योजनासहित कूटनैतिक सक्रियता बढाउन पनि सरकारसँग माग गर्नुभएको छ ।

विकसित मित्रराष्ट्रहरुले खोप उत्पादक संस्थाहरुसँग आ-आफ्नो देशहरुको आवश्यकताभन्दा पनि बढी संख्यामा अग्रिम बुकिङ सुरक्षित गरेको अवस्थामा अग्रिम बुकिङ गर्न नसकेका नेपाल जस्ता देशहरुलाई बुकिङ भएको संख्या मध्येबाट खोप सुविधा उपलब्ध गराउन पनि सम्बन्धित मित्रराष्ट्रहरुसँग उहाँले अनुरोध गर्नुभएको छ ।

सभापति देउवाले कोभिड-१९ बाट सुरक्षित हुन, अनिवार्य मास्क लगायतका सुरक्षा व्यवस्था र संक्रमण रोकथामका लागि आवश्यक अन्य स्वास्थ्य सुरक्षा प्रोटोकलको अनुसरण गर्न पनि सम्पूर्णमा अनुरोध गर्नुभएको छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# जनताको स्वास्थ्यमा खेलबाड नगर्न अध्यक्ष दाहालको आग्रह

काठमाडौँ, १३ वैशाख (रासस) ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले जनताको स्वास्थ्यमा खेलबाड नगर्न तथा उच्च प्राथमिकताका साथ सबै स्थानीय तहमा स्वास्थ्य उपकरण र सामग्रीको उचित व्यवस्था गर्न सरकारसँग आग्रह गर्नुभएको छ ।

अध्यक्ष दाहालले सोमबार साँझ एक विज्ञप्तिमार्फत भन्नुभएको छ, “स्वास्थ्य सेवा प्रभावकारी बनाई जनतालाई राहत दिन केन्द्रित हुनेको सट्टा वर्तमान सरकारको शिलान्यास र उद्घाटनमा केन्द्रित हुने आचरणले अप्ठ्यारो दिनको सामना गर्नुपर्ने त होइन भन्ने नेपाली जनसमुदायमा आशङ्का बढाएको छ ।”

उहाँले महामारीको सबैभन्दा बढी मार श्रमजीवी जनतामा पर्ने भएकाले उनीहरुका लागि खाद्यान्न तथा अन्य विशेष सहयोगको व्यवस्था मिलाउन सरकारका साथै निजी क्षेत्रलाई समेत अपिल गर्नुभएको छ ।

अध्यक्ष दाहालले विश्व स्वास्थ्य सङ्गठनले समेत नेपाललाई उच्च जोखिममा रहेको देशका रुपमा सचेत गराएको सन्दर्भमा तीनवटै तहका सरकार तथा पार्टीका सबै तहका नेता तथा कार्यकर्ताले स्वास्थ्य स्वमय्सेविका रुपमा महामारी विरुद्धको लडाइँमा सावधानीपूर्वक नेतृत्व लिन आग्रह गर्नुभएको छ ।

कोभिड-१९ को रोकथाम र नियन्त्रणका लागि अग्रमोर्चामा खटिएका चिकित्सक, स्वास्थयकर्मी र सुरक्षाकर्मीलाई उच्च मनोबलका साथ काम गर्न अनुरोध गर्दै उहाँले स्वास्थ्य सुरक्षाको सबै मापदण्डको पालना गरी उच्च सतर्कता अपनाउन सबैलाई विशेष अनुरोध गर्नुभएको छ ।

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# कोरोनाबाट भारतमा २० सहित २३ नेपालीको मृत्यु

काठमाडौँ, १३ वैशाख (रासस)।

यो साता भारतमा २० सहित विदेशस्थित २३ जनाको नेपालीको निधन भएको छ। गैरआवासीय नेपाली सङ्घ अन्तर्गतको स्वास्थ्य समितिका संयोजक डा सञ्जीव सापकोटाका अनुसार भारतलगायत विभिन्न मुलुकमा बढ्दै गएको कोरोना भाइरस महामारीको प्रकोपका कारण मृत्युदर बढेको हो।

गैरआवासीय नेपाली सङ्घको स्वास्थ्य समितिका अनुसार यो साता भारतमा २०, कुवेतमा दुई र कतारमा एकजना नेपालीको कोरोनाका कारण निधन भएको हो। भारतको नयाँ दिल्लीमा कार्यरत स्वास्थ्य समितिका सदस्यसमेत रहेका अल इन्डिया इस्न्टिच्युट अफ मेडिकल साइन्समा कार्यरत डा सागर पौडेलका अनुसार भारतको नयाँ दिल्लीमा १० र भारतका अन्य क्षेत्रमा थप १० गरी कूल २० जना नेपालीको निधन भएको हो। निधन हुनेमा अधिकांश ५० वर्षभन्दा मुनिका रहेका छन्। योसँगै हालसम्म विश्वका विभिन्न २१ मुलुकमा सङ्क्रमणका कारण ३७२ जना नेपालीको निधन भएको छ। हालसम्म मृत्यु भएकामध्ये २४५ जना मध्यपूर्वका रहेका छन्।

अहिलेसम्म विश्वका ५४ मुलुकमा कोभिड-१९ का कारण सङ्क्रमित हुने नेपालीको सङ्ख्या ६८ हजार ५०६ जना पुगेको छ। कूल सङ्क्रमितमध्ये ९४ दशमलव ६ प्रतिशत अर्थात् ६४ हजार ७४४ जना सङ्क्रमणमुक्त भएका छन्। यो साता भारत, कुवेत, कतार, युएई, रोमनिया, रुस, फिनल्यान्ड, डेनमार्क, चेक रिपब्लिक, पोल्यान्ड रहेका नेपालीमा थप कोरोना भाइरसको सङ्क्रमण देखिएको गैरआवासीय नेपाली सङ्घ, कोभिड-१९' उच्चस्तरीय समितिका प्रेस संयोजक चिरन शर्माले जानकारी दिनुभयो।

नेपालमा हालसम्म दुई लाख ९७ हजार ८७ जना सङ्क्रमित पुगेकामा ९३ दशमलव तीन प्रतिशत अर्थात् दुई लाख ७७ हजार १२३ जना सङ्क्रमणमुक्त भएका छन्। सङ्क्रमणका कारण शनिबार साँझसम्म तीन हजार १३६ जनाको निधन भएको छ।

यसैबीच, गत सोमबार वार्षिक प्रतिवेदन सार्वजनिक गर्दै स्वास्थ्य समितिका संयोजक डा सञ्जीव सापकोटाले महामारीका दौरान २५० जना चिकित्सक र नर्स परिचालन गरिएको जानकारी दिनुभयो। उहाँका अनुसार, नेपालबाहिर करीब पाँच हजार चिकित्सक र १५ हजारको हाराहारीमा नर्सहरु रहेका छन्। ती सबै स्वास्थ्यकर्मीलाई एनआरएनमा जोड्न प्रयास भइरहेको उहाँले बताउनुभयो।

**टेलिहेल्थ सेवा प्रयोगका लागि आग्रह**

एनआरएनएले शुरु गरेको टेलिहेल्थ सेवाले स्वास्थ्यसम्बन्धी कुनै पनि समस्या भए फोनबाट परामर्श लिन सकिने जनाएको छ। तभभिजभबतिज२लचलबायचन मा इमेल पठाएर परामर्श लिन सकिने एनआरएनएको स्वास्थ्य समितिले जनाएको छ। स्वास्थ्य समितिले दुईओटा विश्व स्वास्थ्य सम्मेलन आयोजना गरिसकेको र तेस्रो विश्व स्वास्थ्य सम्मेलन सन् २०२१ को सेप्टेम्बर १७ देखि १९ मा लन्डनमा आयोजना गरिने पनि समितिले जनाएको छ।

डा सापकोटाले सङ्घले 'कम्प्रिहेन्सिभ ग्लोबल टेलिहेल्थ प्रोग्राम' शुरु गरेर कोभिड-१९ बाट जोगिन र सङ्क्रमित भएको भए कसरी स्वास्थ्य सेवा प्राप्त गर्ने भन्ने बारेमा नेपाली भाषामा नै निर्देशिका प्रकाशन गरेको जानकारी दिनुभयो। पत्रकार सम्मेलनमा सङ्घका महासचिव डा हेमराज शर्माले महामारीकै बीच पनि ५० देशका ३०० शहरमा दुई हजार ५०० स्वयंसेवक परिचालन गरी सेवा प्रदान गरिएको जानकारी दिनुभयो।

उहाँका अनुसार एनआरएनमार्फत एक लाख ७० हजारलाई प्रत्यक्ष रुपमा सेवा प्रदान गरिएको थियो। त्यस्तै, सङ्घका संरक्षक एवं पूर्वअध्यक्ष जीवा लामिछानेले विगतका अन्य विपद्मा जस्तै कोभिड महामारीका बेला पनि एनआरएनले नेपालीलाई सघाएको बताउनुभयो। उहाँले संसारभर छरिएका स्वास्थ्यकर्मीले सामूहिक रुपमा सीमित स्रोत साधनबाट काम गरेको भन्दै प्रशंसा गर्नुभयो।

**मानसिक स्वास्थ्य समस्यामा वृद्धि**

कोभिड महामारीसँगै विश्वभर छरिएका नेपालीहरुमा मानसिक स्वास्थ्य समस्याहरू देखिएको चिकित्सकले बताएका छन्। समिति संयोजक डा सापकोटासहित पत्रकार सम्मेलनमा विभिन्न देशबाट भर्चुअल माध्यमबाट सहभागी चिकित्सकले मानसिक रोगको अवस्था चिन्ताजनक रुपमा देखिएको बताएका छन्। महामारीका कारण व्यापार व्यवसाय बन्द हुने, सङ्क्रमित हुने तथा परिवारमै मृत्यु हुने, रोजगारी गुम्नेलगायत समस्याले मानसिक समस्या बढ्दै गएको उनीहरूले बताएका हुन्। मानसिक समस्या समाधानका लागि स्वास्थ्य समितिले तालीम सञ्चालन गरेको समितिका संयोजक सापकोटाले जानकारी दिनुभयो।

त्यस्तै, आत्महत्या रोकथामका लागि पनि कार्यक्रम सञ्चालन गरिएको उहाँले जानकारी दिनुभयो। स्वास्थ्य समितिमा नेपाल तथा विश्वका विभिन्न मुलुकमा कार्यरत नेपाली चिकित्सक सहभागी छन्। विदेशमा रहेका नेपालीको अवस्थाको तथ्याङ्क सङ्कलनमा युरोप संयोजक डा बोधराज सुवेदी, युकेबाट डा दिलीप यादव, कतारबाट डा नितेश अर्याल, दक्षिण अफ्रिकाबाट डा सरिता भट्टराई र स्पेनबाट नर्स साङ्ग्रिला लामा लगायतको टोलीले तथ्याङ्क सङ्कलन गर्न सहयोग गरिरहेका छन्।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

**मोवाईल नं. ९८५२८२०९३५**


## विश्व समाचार

### अफगानिस्तानबाट अमेरिकी सेना फिर्ताको तयारी पुनःशुरु

काबुल, १३ वैशाख (रासस/एपी)।

अफगानिस्तानमा तैनाथ अमेरिकी र अन्य राष्ट्रका सेनाका प्रमुख कमान्डर जनरल स्कट मिलरले अफगानिस्तानबाट सबै विदेशी सेनाको फिर्ताको अभियान पुनःशुरु भएको बताउनु भएको छ। उहाँले अफगानिस्तानमा रहेका विदेशी सेनाका अखडा र उपकरण पनि अफगानी सेनालाई हस्तान्तरण शुरु भइसकेको जानकारी दिनुभएको छ। अमेरिकी राष्ट्रपति जो बाइडेनको निर्णयअनुरुप आफूले सेना फिर्ताको तयारी शुरु गरिसकेको पनि जनरल मिलरले बताउनुभयो। राष्ट्रपति बाइडेनले अफगानिस्तानमा तैनाथ अमेरिकी सेना फिर्ता गर्ने निर्णय गर्नुभएको थियो। राष्ट्रपति बाइडेनले अफगानिस्तानमा सेना तैनाथ गर्ने कार्य अमेरिकाको तत्काल प्राथमिकतामा नरहेको बताउनु भएको थियो। यसै महिनाको शुरुमा राष्ट्रपति बाइडेनले अमेरिकी सेना आगामी सेप्टेम्बर ११ अघि नै अफगानिस्तानबाट स्वदेश फर्काइने घोषणा गर्नुभएको थियो।

अमेरिकाको वर्ल्ड ट्रेड टावरमा अफगानिस्तानमा सक्रिय अल-कायदा समूहले आक्रमण गरेलगत्तै अमेरिकाले अफगानिस्तानमाथि आक्रमण गर्नुका साथै सेना तैनाथ गरेको थियो। जनरल मिलरले काबुलमा पत्रकारसँग कुरा गर्दै आफूले तालिवान समूहका जिम्मेवार सदस्यलाई देशभित्र हिंसात्मक गतिविधि नगर्न अनुरोध गरेको बताउनुभयो। यदि हिंसात्मक गतिविधि पुनःशुरु भए त्यो अफगानी जनता र देशकै लागि दुर्भाग्यपूर्ण हुने सन्देश आफूले तालिवानी नेतालाई दिएको पनि जानकारी दिनुभयो। तालिवानले अफगानिस्तानमा सन् १९९६ देखि २००१ सम्म शासन गरेको थियो। तर सेप्टेम्बर २००१ मा अमेरिकी आक्रमणपछि तालिवानीको सत्ता पतन भएको थियो। सन् २०२० मा तालिवानसँग भएको सम्झौता बमोजिम आगामी मे १ देखि विदेशी सेना फिर्ता हुने पूर्वनिर्धारित कार्यसूची रहेको छ। जनरल मिलरले सबै अमेरिकी सैनिक फिर्ता भएसँगै विदेशी सेनाका सैन्य अखडा अफगानी रक्षा मन्त्रालय र अफगान सेनालाई हस्तान्तरण गरिने जानकारी दिनुभयो।

### भारतमा एक दिनमा तीन लाख ५२ हजार कोरोना सङ्क्रमित

नयाँ दिल्ली, १३ वैशाख (रासस/सिन्ह्वा)।

भारतमा गत २४ तीन लाख ५२ हजारभन्दा बढी नागरिक कोरोना भाइरस सङ्क्रमित भेटिएका छन्। एकै दिन तीन लाखभन्दा बढी कोरोना भाइरस सङ्क्रमित भेटिएका यो पाँचौ दिन भएको बताइएको छ। त्यसैगरी यहाँ गएको २४ घण्टायता दुई हजार ८१२ जनाको ज्यान गएको छ। त्यसैसँगै भारतमा यो सङ्क्रमणबाट मात्र एक लाख ९५ हजारभन्दा बढी व्यक्तिको निधन भइसकेको छ। यसरी भारतमा अहिलेसम्ममा यो सङ्क्रमणबाट एक करोड ७० लाखभन्दा बढी व्यक्ति सङ्क्रमित हुनपुगेका बताइएको छ। भारतमा हाल २८ लाख १३ हजारभन्दा बढी सक्रिय सङ्क्रमित रहेका छन्। भारतमा हालसम्म एक करोड ४३ लाखभन्दा बढी कोरोना मुक्त भएका छन्। गत २४ घण्टामा मात्र दुई लाख १९ हजार २२७ जना कोरोना मुक्त भएका छन्।

कोरोना महामारी शुरु भएयता विश्वमा भएका सङ्क्रमणको तुलनामा यो ठूलो सङ्ख्या भएको सरकारी तथ्याङ्कले जानकारी दिएको छ। यद्यपि संयुक्त राज्यमा अमेरिका गत जनवरीमा एकै दिनमा तीन लाखभन्दा बढी व्यक्ति सङ्क्रमित भएका थिए। भारतमा गत जनवरी १६ देखि कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो सो समयबाट अहिलेसम्म भारतमा १४ करोड-१९ लाख ११ हजारभन्दा बढी व्यक्तिले खोप लगाएका छन्। कोरोना भाइरसको महामारी फैलिने क्रम एकातिर चलिरहेको छ भने अर्कोतर्फ कोरोनाभाइरस विरुद्धको खोप चलाउने क्रम पनि चलिनै रहेको छ। भारतमा अहिले कोभिसिल्ड, कोभ्याक्सिन र स्पुट्निक भी गरी तीन प्रकारका खोपको प्रयोग भइरहेको सरकारी निकायले जनाएका छन्। रुसले विकास गरेको स्पुट्निक भी भने यही अप्रिल १२ देखि मात्रै लगाउन थालिएको अधिकारीले जानकारी दिएका छन्। भारतमा सोमबार मात्रै १४ लाख दुई हजार ३६७ जनाको कोरोना परीक्षण गरिएको भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले जनाएको छ। अप्रिल २५ सम्म कूल २७ करोड ९३ लाख २१ हजारभन्दा बढीले कोरोना परीक्षण गरिसकेको पनि परिषद्ले उल्लेख गरेको छ। भारतको राष्ट्रिय राजधानी दिल्ली सबभन्दा धेरै कोरोना प्रभावित राज्यका रुपमा रहेको छ।

### कोभिड-१९ बाट प्रभावित भारतलाई विश्वको सहयोग

नयाँ दिल्ली, १३ वैशाख (रासस/सिन्ह्वा)।

दोस्रो वेभका रुपमा आएको कोरोना भाइरस महामारीका कारण गम्भीररुपमा प्रभावित भएको भारतलाई अमेरिकासहित विश्वका कैयौँ देशले आपतकालीन स्वास्थ्य सामग्री तथा औषधि सहयोगको बाचा गरेका छन्। अमेरिकी राष्ट्रपति जो बाइडेनले पनि भारतलाई आवश्यक र सक्दो सहयोग गर्ने बताउनुभएको छ। उहाँले भन्नुभएको छ "जसरी भारतले हामीलाई महामारीको सुरुवाती चरणमा अस्पतालको सहयोगका निम्ति मद्दत गऱ्यो, अहिले हामी पनि भारतलाई मद्दत गर्नेछौँ," उहाँले भन्नुभएको छ।

यसअघि भारतमा कोभिड विरुद्धको खोप आस्ट्राजेनेका खोप निर्माणका निम्ति आवश्यक कच्चा पदार्थमा रोक लगाएको थियो तर त्यो निर्यात प्रतिबन्धलाई अमेरिकाले हटाइदिएको बताएको छ। बेलायतले भारतमा भेन्टिलेटर तथा अक्सिजनको प्रयोगका लागि आवश्यक उपकरण पठाउन थालेको छ। युरोपेली युनियनका सदस्य राष्ट्रले पनि भारतलाई विभिन्न खालको सहयोग पठाउँदैछन्। भारतीय राजधानी नयाँ दिल्लीका अस्पताल बिरामीले भरिएका छन्। यहाँ आएका विरामीलाई अस्पतालले फर्काउँदैछन्। त्यस्तै पछिल्लो समयमा त्यहाँ लकडाउन पनि लम्ब्याइएको छ। भारत सरकारले अक्सिजनको उत्पादनमा बढाउने योजना थालेको छ। भारतले देशभरमा ५०० वटा अक्सिजन उत्पादनसम्बन्धी कारखाना खोल्न अनुमति दिएको बताइएको छ।

# अत्यावश्यक बाहेकका सबै सेवा १६ गतेदेखि एक सातालाई बन्द

काठमाडौँ, १३ वैशाख (रासस)।

काठमाडौँ उपत्यकामा यही वैशाख १६ देखि २२ गते मध्यरातसम्म अत्यावश्यक बाहेकका सेवा र यातायात बन्द हुने भएको छ। काठमाडौँ, भक्तपुर र ललितपुरका प्रमुख जिल्ला अधिकारीले सोमबार साँझ एक आदेश जारी गर्दै अत्यावश्यक बाहेकका सबै सेवा बन्द गर्ने निर्णय गरिएको जनाइएको छ।

बैठकपछि जारी विज्ञप्तिमा भनिएको छ- यो आदेशको पालना गर्नु गराउनु सबै व्यक्ति, सङ्घसंस्था र पेशाकर्मी, व्यवसायी एवम् आम नागरिकको कर्तव्य हुनेछ र यो आदेशको उल्लङ्घन गरेमा प्रचलित कानूनअनुसार कारबाही हुनेछ।

सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी, तालीम, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस, स्विमिङ पुल, शपिङ मल, मनोरञ्जनस्थल, सैलुन, ब्युटी पार्लर, जिमखाना, समूहमा खेलिने खेलकूद, पुस्तकालय, सङ्ग्रहालय, चिडियाखाना आदि सञ्चालन गर्न पाइने छैन। विवाह व्रतबन्धको हकमा बढीमा १५ जनासम्म स्वास्थ्य मापदण्ड पालना गर्ने गरी जिल्ला प्रशासन कार्यालयबाट अनुमति लिएर मात्रै गर्न सकिनेछ।

सार्वजनिक एवम् निजी सवारी साधन वैशाख १६ गते बिहान ६ देखि २२ गते राति १२ बजेसम्म काठमाडौँ उपत्यकाभरमा रोक लगाइएको छ। अत्यावश्यक सामग्री बोकेका ढुवानीका सवारी साधन, बिरामी तथा कुरुवा बोकेका एम्बुलेन्स, स्वास्थ्यकर्मी तथा सुरक्षा निकायले प्रयोग गर्ने सवारी साधनबाहेक अन्य सवारी साधन प्रवेशमा रोक लगाइएको छ।

सरकारी कार्यालय लगायतका सार्वजनिक सेवा प्रदायक संस्थाको हकमा सम्बन्धित मन्त्रालय वा विभागबाट जारी भएको सवारी पास लिई सवारी साधन प्रयोग गर्न पाइने आदेशमा उल्लेख छ। विकास निर्माण कार्यमा प्रयोग हुने जनशक्ति र सामग्री ढुवानीका साधनको हकमा सम्बन्धित आयोजना वा कार्यालय प्रमुखको सिफारिसका आधारमा आधिकारिक सवारी पास लिएर मात्रै सञ्चालन गर्न पाइनेछ।

खाद्य सामग्री र औषधि तथा स्वास्थ्य सामग्रीसम्बन्धी पसल व्यवसाय बाहेकका अन्य व्यवसाय हाललाई बन्द गर्ने र खाद्य सामग्री पसल बिहान १० बजेसम्म र साँझ ५ बजेदेखि ७ बजेसम्म खुल्ला राख्न पाइनेछ। ती पसल सञ्चालन गर्दा सरकारले तोकेको स्वास्थ्य मापदण्ड पूर्ण रुपले पालना गराउनुपर्नेछ।

नेपाल सरकारका कर्मचारी, बैंक तथा वित्तीय संस्था र अन्य अत्यावश्यक सेवामा कार्यरत कर्मचारीको हकमा कार्यालयले जारी गरेको परिचयपत्रका आधारमा आवतजावत गर्न दिने, काठमाडौँ उपत्यका प्रवेश गर्ने व्यक्तिको अनिवार्य रुपमा स्थानीय तहले तोकेको क्वारेन्टिन र होम आइसोलेशनमा बस्नुपर्नेछ।

सञ्चारकर्मी र पत्रकारको हकमा सूचना सङ्कलन गर्न सूचना विभागले जारी गरेको परिचयपत्रका आधारमा आवतजावत गर्न दिने आदेशमा उल्लेख छ। त्यस्तै, अत्यावश्यक बाहेकका सबै सार्वजनिक सेवा हाललाई स्थगन गरिएको काठमाडौँका प्रमुख जिल्ला अधिकारी कालीप्रसाद पराजुलीले जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख छ।

## बाटो काट्ने क्रममा महिलाको मृत्यु

**दैनिक समाचारदाता**
**धनुषा, १३ वैशाख।**

जनकपुरधामबाट राजविराज आउँदै गरेको एक यात्रु बाहक बसको ठक्करबाट सोमबार एक महिलाको मृत्यु भएको छ।

बाटो काट्ने क्रममा जनकपुरको रामानन्दचोक नजिक ना.४ख. ८०६१ नं. को बसले ठक्कर दिँदा जनकपुरधाम उपमहानगरपालिका-८ बस्ने ६८ वर्षीया बेच्नीदेवी मण्डलको मृत्यु भएको प्रहरीले जनाएको छ।

बस र त्यसका चालक प्रहरीको नियन्त्रणमा रहेको र मृतकको शवपरीक्षणका लागि प्रादेशिक अस्पताल जनकपुरमा राखिएको तथा घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## तीन हजार ५५६ जनामा संक्रमण पुष्टि

काठमाडौँ, १३ वैशाख (रासस)।

सोमबार देशभरिमा तीन हजार ५५६ जनामा कोभिड-१९ को संक्रमण पुष्टि भएको छ। सोमबार नै ३७८ जना निको भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

मन्त्रालयले पिसिआर प्रविधिबाट १२ हजार ४०० र एन्टिजिन विधिबाट ८९३ गरी जम्मा १३ हजार २९३ को परीक्षण गरेको थियो। हाल होम आइसोलेशनमा २० हजार ५३५ र संस्थागत आइसोलेशनमा एक हजार ८९९ रहेका छन्।

त्यस्तै, आइसियु २६८ र भेन्टिलेटरमा ७८ रहेका छन्। सोमबारसम्म पाँच सयभन्दा बढी संक्रमित रहेका जिल्लाहरुमा काठमाडौँ, भक्तपुर, ललितपुर, मोरङ, पर्सा, कास्की, दाङ, बाँके र रुपन्देही रहेका छन्। हाल देशभरका ७७ जिल्लामा नै सक्रिय संक्रमित रहेको मन्त्रालयले जनाएको छ।

हालसम्म पिसिआर विधिबाट परीक्षण गर्नेको संख्या २४ लाख १७ हजार ४१७ रहेको मन्त्रालयले जनाएको छ। प्रतिदश लाख जनसंख्यामा ८२ हजार ९६७ को परीक्षण भएको छ। हालसम्म देशभरमा गरी जम्मा तीन लाख तीन हजार ५६१ लाई संक्रमण पुष्टि भइसकेको छ। त्यसमध्ये महिलाको संख्या एक लाख आठ हजार ५३५ र पुरुषको संख्या एक लाख ९५ हजार २६ रहेको छ। निको भएकाको दर ९१ दशमलव पाँच प्रतिशत छ। हालसम्म पिसिआर परीक्षण गरिएकामध्ये पोजेटिभ दर १२ दशमलव पाँच प्रतिशत छ। पछिल्लो २४ घण्टामा रिपोर्ट प्राप्त भएको मृत्यु संख्या १२ रहेको छ।

## त्रिविका सबै परीक्षा स्थगित

काठमाडौँ, १३ वैशाख (रासस)।

त्रिभुवन विश्वविद्यालयले सबै परीक्षा स्थगन गरेको छ। त्रिवि परीक्षा नियन्त्रण कार्यालय केन्द्रीय परीक्षा सञ्चालन समितिको सोमबार बसेको बैठकले मङ्गलबारदेखि हुने सबै परीक्षा स्थगन गरेको हो।

परीक्षा नियन्त्रक पुष्पराज जोशीले कोरोना भाइरसको दोस्रो प्रकोपले देशका विभिन्न स्थानमा बन्दाबन्दी र निषेधाज्ञा भएका कारण अहिलेको स्थितिमा परीक्षा सञ्चालन गर्न नसकिने भएकाले स्थगन गर्नुपरेको जानकारी दिनुभयो। "केही ठाउँमा बन्दाबन्दी र निषेधाज्ञा शुरु भएको छ", उहाँले भन्नुभयो, "यस्तो बेलामा परीक्षा गर्न सम्भव हुँदैन। त्यसैले सबै परीक्षा स्थगन गरेका हौँ।"

उहाँले वातावरण सहज भएपछि परीक्षा सञ्चालन गरिने बताउनुभयो। त्रिविको वार्षिक परीक्षाअन्तर्गत स्नातक तह र स्नातकोत्तर तह दोस्रो वर्षका परीक्षा सञ्चालन भइरहेका थिए। यही वैशाख १९ गतेसम्म सञ्चालन हुने परीक्षाअन्तर्गत मानविकी, शिक्षा र विज्ञान सङ्कायका केही विषय मात्र बाँकी थिए।

यस्तै वैशाख १९ गतेदेखि स्नातकोत्तर तहको सेमेष्टरअन्तर्गतका परीक्षासमेत सञ्चालन गर्ने पनिकाको तयारी थियो। यसअघि पनि गत वर्ष चैतमा कोभिड-१९ का कारणले परीक्षा स्थगन गरिएका थिए। ती परीक्षा गत मङ्सिरदेखि निरन्तर सञ्चालन भइरहेका थिए। कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रको निर्देशक समितिको आइतबार बसेको बैठकले सोमबारदेखि विद्यालय र शिक्षालयको भौतिक उपस्थितिमा हुने पूर्वनिर्धारित परीक्षा अर्को आदेश नभएसम्मका लागि स्थगन गर्ने निर्णय गरेको थियो।

## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- **कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।**
- **संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार र सिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।**

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- **खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।**
- **समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचिमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।**
- **खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।**
- **भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।**
- **आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।**

**महत्वपूर्ण सवाल :**

- **ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।**
- **कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।**
- **कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रूपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*